DOI : https://doi.org/10.3126/shantij.v4i1.70586

SHANTI JOURNAL: A Multidisciplinary Peer Reviewed Journal
Print ISSN: 2961 * 1601 E-ISSN: 2961-161x
ejournal Site: www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
• Indexed in Nepjol

BISHWA SHANTI
CHIRAN-MILAN CAMPUS
URL:
www.bishwashanticampus.edu.np

# 'राष्ट्रनिर्माता' खण्डकाव्यमा रहस्य दर्शनको प्रभाव

लावण्यप्रसाद ढुङ्गाना
विद्यावारिधि शोधरत

**Article History:** Submitted 10 July **Reviewed** 5 August **Revised** 20 September
**Corresponding Author:** -Lawanya Prasad Dhungana, **E-mail:** dhunganal123@gmail.com

Copyright ©2024 Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.

## लेखसार

*'राष्ट्रनिर्माता' (२०२३) खण्डकाव्यमा अभिव्यक्त रहस्यसम्बन्धी दर्शनको अध्ययनलाई प्रस्तुत शोधलेखमा विषय बनाइएको छ । 'राष्ट्रनिर्माता' ऐतिहासिक विषयवस्तुमा आधारित रहस्य दर्शनको प्रभाव रहेको कृति हो । यस अध्ययनमा 'राष्ट्रनिर्माता' खण्डकाव्यमा केकस्तो रहस्यको प्रभाव छ र उक्त प्रभावको ग्रहण कविले किन गरेका हुन् भन्ने जिज्ञासाको समाधान खोजिएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् । प्रस्तुत अध्ययनका लागि रहस्य विषयक षड्दर्शनका मत तथा उक्त दर्शनका अध्येताहरूका रहस्यसम्बन्धी धारणालाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ र तर्क तथा विश्लेषण विधिको पनि उपयोग गरिएको छ । यस अध्ययनमा 'राष्ट्रनिर्माता' खण्डकाव्यको विषयवस्तु ऐतिहासिक र मूल कथ्य राष्ट्रप्रेम रहे पनि उक्त राष्ट्रप्रेमलाई सुदृढ, महिमामय एवम् जीवन्त तुल्याउन रहस्य दर्शनको सचेत प्रभाव ग्रहण गरिएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** इहलोक, ईश्वर, परलोक, राष्ट्रप्रेम, षड्दर्शन

## विषयपरिचय

प्रस्तुत शोधलेखको मुख्य विषय ''राष्ट्रनिर्माता' खण्डकाव्यमा रहस्यप्रभाव' भन्ने रहेको छ । 'राष्ट्रनिर्माता' खण्डकाव्य कृति हो । 'खण्डकाव्य' भनेको 'महाकाव्यको एक देशको अनुसरण गर्दै लेखिएको कविताकृति' (विश्वनाथ, २०५०, पृ. ५९५) अर्थात् 'कविताको मझौला रूपको कृति' हो । यस 'राष्ट्रनिर्माता' खण्डकाव्यको रचना राष्ट्रकवि उपाधिले विभूषित माधव घिमिरेले गरेका हुन् । यसको प्रकाशन २०२३ सालमा भएको हो । कवि घिमिरेले यस खण्डकाव्यमा नेपाल एकीकरणको ऐतिहासिक विषयलाई समेटेका छन् । उनले यस खण्डकाव्यमा राष्ट्रको अखण्डता अक्षुण्ण रहनुपर्छ भन्ने भाव प्रस्तुत गर्दै अगाध राष्ट्रप्रेम दर्साएका छन् । यसै गरी 'रहस्य' भनेको 'क्षिप्त यथार्थ' अथवा 'लुकेर रहेको वास्तविकता' हो र 'प्रभाव' शब्दले यहाँ 'छाप' अर्थ बोकेको छ । 'राष्ट्रनिर्माता' खण्डकाव्यमा रहस्यको छाप छ भन्ने यस विश्लेष्य विषयको आशय हो ।

रहस्य पौरस्त्य दर्शनको विषय हो । यस दर्शनले जीवजगत्का अनगिन्ती गुप्त यथार्थका बारेमा चिन्तनमनन

गरेको छ । यस दर्शनको प्रभाव जनबोलीदेखि साहित्यरचनासम्म परेको देखिन्छ । कवि घिमिरे यही पौरस्त्य दर्शनका अध्येता भएकाले उनका रचनामा यसको प्रभाव रहेको भेटिन्छ । उनको 'राष्ट्रनिर्माता' खण्डकाव्यमा पनि ईश्वरसम्बन्धी रहस्य र इहलोकसम्बन्धी रहस्यको सचेत प्रभाव रहेको र रहस्य दर्शनको प्रभावका माध्यमबाट खण्डकाव्यको मूल कथ्य राष्ट्रप्रेमलाई सबल तुल्याइएकाले यो विषय अध्ययनीय बनेको छ ।

अध्ययनका दृष्टिकोणहरू विभिन्न हुन सक्छन् । कविता विधाका सन्दर्भमा भन्नुपर्दा यसको अध्ययन एवम् समीक्षा अधिकतर काव्यशास्त्रीय दृष्टिबाट भइरहेको देखिन्छ । यस शोध लेखमा भने 'राष्ट्रनिर्माता' खण्डकाव्यको रहस्य दर्शनको प्रभावका दृष्टिकोणबाट अध्ययन गरिएको छ । यसअघि घिमिरेको दार्शनिक विशेषताको चर्चापरिचर्चा गरिएको पाइए पनि रहस्य दर्शनको प्रभावका दृष्टिकोणबाट भने 'राष्ट्रनिर्माता' खण्डकाव्यको अध्ययन भएको पाइएको छैन । त्यसैले उक्त शोधअन्तराल पूरा गर्न यहाँ यो विषय छनोट गरिएको हो र यसले 'राष्ट्रनिर्माता' खण्डकाव्यका पाठक तथा अनुसन्धाताहरूलाई उक्त खण्डकाव्यको दार्शनिक दृष्टिकोणबाट अध्ययन गर्न सघाउ पुऱ्याउने भएकाले यो शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी रहेको छ । यस अध्ययनमा घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्यमा रहस्य दर्शनको प्रभावको प्रयोग किन गरिएको हो भन्ने शोध्य समस्यालाई मुख्य रूपमा लिइएको छ । यसै गरी यस  लेखमा 'राष्ट्रनिर्माता' खण्डकाव्यको दार्शनिक दृष्टिकोणबाट अध्ययन गर्नुलाई उद्देश्य बनाइएको छ । यस शोधलेखमा घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्यमा रहस्य दर्शनको प्रभाव किन ग्रहण गरिएको हो भन्ने शोधसमस्याको प्राज्ञिक समाधान गर्ने उद्देश्य राखिएको छ । यसका साथै उक्त रहस्य दर्शनको प्रभावका माध्यमबाट खण्डकाव्यको मूल कथ्य राष्ट्रप्रेमलाई महिमामय, सुदृढ एवम् जीवन्त तुल्याउन कवि घिमिरे सफल भएको यस अध्ययनको दावी रहेको छ ।

**अध्ययनविधि**

प्रस्तुत शोधकार्यका लागि आवश्यक प्राथमिक स्रोतको सामग्री 'राष्ट्रनिर्माता' खण्डकाव्य तथा सैद्धान्तिक पर्याधारका लागि आवश्यक द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् । अध्ययनको दृष्टिकोण रहस्य दर्शन रहेको र यसको स्रोत पूर्वीय दर्शन भएकाले यहाँ षड्दर्शनका ईश्वरसम्बन्धी र इहलोकसम्बन्धी मत तथा यस सम्बन्धमा दर्शनका  अध्येताहरूबाट व्यक्त विचारलाई सैद्धान्तिक आधार बनाई शोध्य समस्याको समाधान खोजिएको छ । यस क्रममा खण्डकाव्यका पद्यहरू सोद्देश्य छनोट गरी तर्क र विश्लेषण विधिबाट 'राष्ट्रनिर्माता' खण्डकाव्यमा ईश्वरसम्बन्धी तथा इहलोकसम्बन्धी रहस्य दर्शनको प्रभाव रहेको निष्कर्ष निकालिएको छ ।

**सैद्धान्तिक पर्याधार**

रहस्य अध्यात्मवादी विचार हो । पौरस्त्य दर्शनका क्षेत्रमा रहस्यवादी विचारको मूल स्रोत उपनिषद् मानिन्छ । यसले इन्द्रिय अगम्य रहस्यमय परमात्माको असीम शक्ति र महत्ताको खुलासा गर्न खोजेको छ (अर्याल, २०५६, पृ. ४५) । यस अखिल ब्रह्माण्डमा निहित सम्पूर्ण ज्ञानको उद्घाटन अद्यापि सम्भव भएको छैन । यसैलाई रहस्य मानिएको छ । यस रहस्यलाई विद्वान्हरूले अध्यात्मदर्शनसँग जोडेर अध्ययन गरेको पाइन्छ (शर्मा, २०६०, पृ. ३५३) । जीव र जगत्को सारा शक्ति र अस्तित्व ईश्वरमा अन्तर्निहित रहेको र यिनको ईश्वरसँगको संयोग रहस्यमय रहेको दार्शनिक मत छ । प्रस्तुत शोधकार्यमा यिनै ईश्वर तथा इहलोकसम्बन्धी रहस्यलाई अध्ययनको आधार बनाइएकाले यहाँ सोसम्बन्धी विचारहरूलाई सैद्धान्तिक पर्याधारका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ

**ईश्वरसम्बन्धी रहस्य**

पौरस्त्य दर्शनले उच्च महत्त्वका साथ ईश्वरका विषयमा चिन्तन गरेको छ । ईश्वर रहस्यकै विषय हो । पाणिनि व्याकरणले राज्य गर्नु, स्वामी हुनु, शासन गर्नु, आदेश गर्नु आदि अर्थयुक्त 'ईश्' धातुमा 'वरच्' प्रत्यय लागेर 'ईश्वर' शब्दको व्युत्पादन भएको देखाएको छ (ईश्वरचन्द्र, सन् २००९, पृ. ३४९) । आस्तिक दार्शनिकहरू जब

गतिशील ब्रह्माण्डको रहस्यको खोजीतर्फ उन्मुख भए, तब उनीहरूले अनुमान र तर्कबलले ब्रह्माण्डको सृष्टि र सञ्चालनका लागि कुनै अनिर्वचनीय शक्ति सक्रिय रहेको ठहर गरे । त्यही शक्तिलाई उनीहरूले ईश्वरको उपाधिले अलङ्कृत गरे । त्यस्तो ईश्वरलाई ईश, परब्रह्म, ब्रह्म, परमात्मा, देवता, भगवान् आदि नामले पुकारेको पाइन्छ । यो ईश्वरतत्वका सन्दर्भमा दार्शनिकहरूबिच मतैक्य छैन । दर्शनका भाष्यकारहरूले ईश्वर विषयलाई आफ्नो दृष्टिअनुकूल व्याख्या गरेका छन् । योग दर्शनले अविद्यादि पञ्चक्लेश, शुभाशुभ कर्म, कर्मजन्य सुखदुःखरूप फल तथा वासनाको संसर्गबाट रहित पुरुष विशेष ईश्वर हो भनेको छ (सरस्वती, सन् २०१०, पृ. १४७) । न्याय दर्शनले ईश्वरलाई जगन्नियन्ता र कर्मफल प्रदाता मानेको छ (सरस्वती, सन् २०१०, पृ. ३) । यस दर्शनका अनुसार ईश्वर असल र खराब कर्मको साक्षी पनि हो । वेदान्त दर्शनले ईश्वरलाई ब्रह्मका रूपमा चिनाउँदै यस जगत्को उत्पत्ति, स्थिति तथा प्रलयको कारक रहेर पनि यो अनिर्वचनीय, निर्गुण, निर्विशेष, अपरिवर्तनीय, सत् र चित्  छ भनेको छ (गोयन्दका, सन् २००९, पृ. १) ।  यी दार्शनिक मतलाई नियाल्दा ईश्वर एक रहस्यमय शक्ति रहेको देखिन्छ ।

**इहलोकसम्बन्धी रहस्य**

इहलोक यही धर्ती हो र परलोक यस धर्तीभन्दा परको स्थान हो । यी स्थानका अनेक रहस्यमय वर्णन भेटिन्छन् । विशेषतः आध्यात्मिक दार्शनिकहरू यसतर्फ आकर्षित देखिन्छन् । पौरस्त्य आध्यात्मिक दर्शन मध्येको एक वैशेषिक दर्शनले सृष्टिको कारण परमाणुलाई ठान्छ । यस दर्शनअनुसार निष्क्रिय परमाणुमा ईश्वरले गति पैदा गरिदिन्छन् अनि सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ५२) । यस मतले इहलोकसम्बन्धी सृष्टि परमाणुबाट भएको मान्यो तर परमाणुको सृष्टिकारणलाई रहस्यमै राखेको देखिन्छ । मीमांसा दर्शन अणुवादमा विश्वास गर्छ । यसले वेदविहित कर्मबाट उत्पन्न अपूर्वले निष्क्रिय परमाणुमा क्रिया उत्पन्न गराउँछ र कर्मकर्ताले कर्मफल भोग्नका लागि योग्य संसारको निर्माण हुन्छ भन्ने मान्छ । त्यस्तो अपूर्व कुनै शक्तिबाट नभई आफैँ सञ्चालित हुन्छ (गिरी, २०५५, पृ. ५३) । मीमांसाको अन्तिम ध्येय स्वर्ग हो । स्वर्गप्राप्तिका निष्कामकर्म र आत्मिक ज्ञान गरी दुई साधन  रहेका छन् (सरस्वती, सन् २०१०, पृ.  १६६) । स्वर्ग पारलौकिक विषय हो । यसको वास्तविकताबारे यस दर्शनमा खुलाएको पाइँदैन । त्यसैले यो रहस्यकै विषय बनेको छ ।

ईश्वरका सम्बन्धमा अनेक धारणा पाइए पनि समग्रमा सृष्टि, स्थिति र लयका कर्ता र शुभाशुभ कर्मका फलदाता परम तत्व विशेष नै आस्तिक जगत्मा ईश्वरका रूपमा स्वीकृत रहेको देखिन्छ । यो ईश्वर तथा सृष्टिजगत्का इहलौकिक र पारलौकिक अनगिन्ती विषयहरू रहस्यमय नै छन् । अतः पौरस्त्य दर्शनका ईश्वर र इहलौकिक रहस्यसँग सम्बन्धित धारणाहरूलाई यस अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ ।

**रहस्य दर्शनको प्रभावका दृष्टिमा 'राष्ट्रनिर्माता' खण्डकाव्य**

'राष्ट्रनिर्माता'  आधुनिक नेपालको एकीकरणसम्बन्धी ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यसले नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहलाई नायकको भूमिकामा उभ्याएको छ । 'राष्ट्रनिर्माता' खण्डकाव्य पृथ्वीनारायण शाह र उनका भाइ दलमर्दन शाहको संवादमा रचिएको छ । एकीकरण अभियानबाट विश्राम लिई आफूले एक भाग जमिन अलग राज्यका रूपमा अंश पाउनुपर्ने माग दलमर्दनले राखिरहँदा पृथ्वीनारायण राज्य अविभाज्य र अखण्ड रहने दृढ विचार प्रकट गर्दछन् । कविले पृथ्वीनारायण शाहका माध्यमबाट यस खण्डकाव्यमा राष्ट्रप्रेमको भावनालाई प्रस्तुत गरेका छन् । कविले राष्ट्रप्रेमको अभिव्यक्तिलाई सबल तुल्याउन ईश्वर तथा इहलोकसम्बन्धी दर्शनको सहारा लिएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**ईश्वरसम्बन्धी रहस्य दर्शनको प्रभाव**

'राष्ट्रनिर्माता' खण्डकाव्यको विषय ऐतिहासिक र सारभाव राष्ट्रप्रेम हो तापनि कवि घिमिरेले खण्डकाव्यका विभिन्न विषयसन्दर्भमा ईश्वरसम्बन्धी रहस्यलाई प्रस्तुत गरेका छन् । कवि घिमिरे पृथ्वीनारायणले आफ्नो राष्ट्रको समुन्नतिका लागि उत्साह व्यक्त गरेको सन्दर्भमा ईश्वरसम्बन्धी रहस्यलाई यसरी प्रस्तुत गर्छन् :

**उठे उज्याला चुचुरा हिमाली**
**आकाश नीलो अझ झन् उचाली**
**धर्ती उचालूँ कुन शक्तिद्वारा**
**वराहजस्तै उधिनेर दाह्रा** ।            पृ. १२

देश एकीकरण एक महान् कार्य हो । यो चानचुने सोच, शक्ति र प्रयासले सम्पन्न हुने कार्य होइन । यो त प्रलयकालमा वराहले धर्तीको उद्धार गरेजस्तै कठिन कार्य हो । माथिको काव्यांशमा पृथ्वीनारायण आफू वराहजस्तै भई आफ्नो राष्ट्रको उद्धारका लागि तत्पर रहेको भाव कविले प्रस्तुत गरेका छन् ।

वराह विष्णुका दश अवतारमध्ये एक अवतार हो । पौरस्त्य दर्शनले भगवान्का विभिन्न अवतारहरूलाई ईश्वरकै रूपमा व्याख्या गरेको छ । वेदान्त दर्शनको रामानुज भाष्यले राम आदि अवतारलाई ईश्वरका विभिन्न पाँच रूपमध्ये विभव रूप मानेको छ । वराह विष्णुको एक अवतार रहेकाले

वेदान्तको रामानुज भाष्यअनुसार यो ईश्वरको विभव रूप हो (आचार्य, सन् १९६४, पृ. ४१३-४१५)। यहाँ कविले वराह र पृथ्वीनारायणलाई उपमानउपमेय सम्बन्धमा प्रयोग गरेका छन् । पृथ्वीनारायणले यहाँ वराहले प्रलयकालमा दाह्राको मदतले धर्तीको उद्धार गरेजस्तै आफू पनि आफ्नो राष्ट्रको उद्धारका लागि वराह झैँ भएर उभिन तयार छु भनेको कुरा कविले प्रस्तुत गरेका छन् । कविले यहाँ पृथ्वीनारायणको अभूतपूर्व शक्तिसँग तुलना गर्ने उद्देश्यले ईश्वरको प्रयोग गरेका छन् । प्रलयकालमा नष्ट हुन लागेको धर्तीलाई वराहले थुतुनामा राखी कसरी उद्धार गरे, त्यो रहस्यमय रहेको कुरा प्रस्तुत गरिएकाले यहाँ ईश्वरसम्बन्धी रहस्य प्रकट भएको छ ।

कवि 'राष्ट्रनिर्माता' खण्डकाव्यको तृतीय सर्गमा सुन्दर सृष्टिको वर्णन गर्दै ईश्वर चिन्तनलाई अघि सार्छन् । कवि भन्छन् :

**यै नित्य लीला स्थल पार्वतीको**
**साहित्य सङ्गीत कलावतीको**
**वैशाखमा शङ्करले समाधि**
**खोलेसरी सुन्दर सृष्टि आदि** ।            पृ. ४

कवि घिमिरे माथिको काव्यांशमा नेपालको सुन्दर सृष्टिको वर्णन गर्छन् । नेपालको सृष्टिसौन्दर्य मनमोहक छ । कवि यहाँको सुरम्य सृष्टिलाई पार्वतीको नित्य लीलास्थल ठान्छन् । अझ वैशाखको प्रकृति त कविलाई समाधिमा लीन शङ्करले आँखा खोल्दा उनका प्रभावले सर्वत्र एक साथ नवीन सृष्टिसौन्दर्य कायम भएको अनुभूति भएको छ । वैशाख वसन्त ऋतुको सुरुवातको महिना हो ।  शिशिरमा रित्तिन लागेको रङ्ग, रूप र प्राणलाई पुनः सञ्चार गर्दै वसन्तले धर्तीलाई हराभरा तुल्याउँछ । नेपालको प्राकृतिक सजावटको

सुरम्य चित्रकारी देखेर कवि लट्ठ छन् । उनलाई शिवले वैशाखमा समाधिबाट आँखा खोल्दा सृष्टि भएको अनुभूति हुन्छ । शङ्कर र पार्वती ईश्वरकै रूपमा पूजित छन् र सारा सृष्टि अझ सुन्दर सृष्टि शङ्करसँग सम्बद्ध देखाउनुले यहाँ कविले ईश्वरसम्बन्धी रहस्यलाई प्रस्तुत गरेको पाइन्छ ।

तृतीय अध्यायकै अर्को श्लोकमा कविले समुद्रमन्थनको प्रसङ्गलाई प्रयोग गरेका छन् । कवि भन्छन् :

**मथेर त्यै क्षीर समुद्रवाष्प**

**उच्चैः श्रवा नाम निकालि अश्व**

**महेन्द्र चढ्थे त्यस अश्वमाथि**

**कि वज्रले पर्वत काटि काटि** । पृ. ६

कवि घिमिरे नेपालको महिमा र विशेषताको बयान गर्न अरू दैवी घटनाको सहारा लिन्छन् । देवताहरूले सृष्टिको अनेक क्रियाकलाप सम्पन्न गरेको अनौठो र पावन भूमि भनी उनले

नेपाललाई चिनाउन खोजेका छन् । अघिल्लो श्लोकमा जुन क्षीर समुद्रको चर्चा छ, यहाँ त्यसैलाई मथेर उच्चैश्रवा नाम गरेको घोडा निकालिएको बताइएको छ । क्षीर समुद्रको मन्थनबाट लक्ष्मी, पारिजात फूल, अमृत आदि अनेक चिजबिज निकालिएका थिए भन्ने चर्चा पाइन्छ । माथिको काव्यांशमा क्षीर समुद्र मन्थनबाट निस्केको घोडामा महेन्द्र अर्थात् देवर ाज इन्द्र चढ्थे र उनी आफ्नो अस्त्र वज्र प्रहार गरी यहाँका पर्वतलाई काट्दै घोडामा हिँड्थे भनी कविले बताएका छन् । देवताहरू पनि ईश्वर मानिएका र इन्द्र आदि देवताहरूले समुद्र मन्थन गरेको चर्चाबाट यहाँ ईश्वरसम्बन्धी रहस्य प्रकट भएको छ ।

कवि घिमिरे नेपाललाई सृष्टिको आदिभूमि मान्छन् र मनुले मानवको सृष्टि यहीँ गरेको ठान्छन् । कवि भन्छन् :

**धरा जलप्लावनमा हुँदा रे**

**नौका यहीँ नै मनुले उतारे**

**यहीँ भयो मानव सृष्टि पैलो**

**मनुष्यताको शुभदृष्टि पैलो** । पृ. ९

कविका अनुसार पहिलो मानव सृष्टि नेपालमै भएको हो । मानवहरू मनुबाट उत्पन्न भएका हुन् अर्थात् मानवका पुर्खा मनु हुन् र मनु चाहिँ ब्रह्माका सन्तान हुन् । कविले मानवको प्रथम सृष्टि नेपालमै भएको हो भन्दै यहाँका मानवको सृष्टिलाई लगेर ब्रह्मासँग जोड्न खोजेको देखिन्छ । यस प्रसङ्गलाई नियाल्दा नेपाली मानवको आदिमूल त ब्रह्मा पो रहेछन् । अतः यस काव्यांशले पनि मानव सृष्टि, मनु र ब्रह्मासम्मको सम्बन्धलाई समेट्न खोजे काले यहाँ ईश्वरसम्बन्धी रहस्य झल्केको पाइन्छ ।

कवि घिमिरे यहाँ जतातत‌ै शिवको शक्ति प्रवाहित भएको ठान्छन् । कवि भन्छन् :

**हिमालको सुन्दर सिर्जना यो**

**जातीयताको चिर चेतना यो**

**यो शक्ति आफैं शिवतत्वसङ्ग**

**फलाममा चुम्बकको तरङ्ग।** पृ. १९

कवि यहाँको सुन्दर हिमाली सिर्जनामा होस् वा चिरकालदेखिको जातीय चेतनामा होस्, सर्वत्र शिवतत्व तरङ्गित भएको पाउँछन्। उनी फलाम र चुम्बकको उदाहरण पेस गर्दै फलाममा चुम्बकको तरङ्ग तरङ्गित भए झैँ शिवतत्वको तरङ्ग पनि यहाँ सर्वत्र प्रवाहित रहेको कविको ठम्याइ छ। कविले

नेपाललाई यिनै शिवको छायाछविले सर्वत्र प्रच्छन्न भूमिका रूपमा चिनाउन खोजेका छन्। उनले यस काव्यांशमा यहाँका कण कणमा शिवको तरङ्ग रहेको अनुभव गरेका छन्। शिव पनि ईश्वरकै रूप

हुन्। यस्ता ईश्वरको प्रभाव सर्वत्र कसरी पर्छ भन्ने वास्तविकता रहस्यमय छ। यही ईश्वरसम्बन्धी रहस्य माथिको काव्यांशमा प्रकट भएको छ।

मानिस ईश्वरका प्रेरणाले सञ्चालित छ भन्ने कविमत छ। पृथ्वीनारायणको राष्ट्रनिर्माणको अभियानमा पनि कवि ईश्वरकै प्रेरणा देख्छन्। पृथ्वीनारायणको संवादमा भनिएको छ :

**यै शक्तिले केवल तानि आयौं**

**नजानि आए पनि जानि आयौं**

**बढ्ने सधैं जीवनको कहानी**

**महानदी बन्दछ मूल पानी।** पृ. २०

प्रस्तुत श्लोकभन्दा अघिल्लो श्लोकमा कविले शिवशक्तिको प्रसङ्ग उठाएका थिए। यस श्लोकमा पनि कवि पृथ्वीनारायणले तिनै शिवशक्तिको प्रभावमा नेपाल एकीकरणको अभियानतर्फ आफू तानिएको बताएका छन्। साना साना पानीका मूलहरू महानदी बन्न पुगे झैँ नेपालका ससाना राज्यहरू महान्
नेपाल देशमा समाहित हुँदै जाने र नेपाल शिवभूमि भएकाले यस अभियानमा पनि शिवकै प्रेरणा
रहने भावआशय कविले प्रकट गरेका छन्। शिव देवाधिदेव, महादेव, महेश्वर आदि नामले पुकारिने

गरेका छन्। यिनैको प्रेरणाले हरकुनै क्रियाकलाप सञ्चालित रहेको विश्वास काव्यमा प्रवाह गरिनुले यहाँ ईश्वरसम्बन्धी रहस्य प्रकट भएको स्पष्ट हुन्छ।

कवि यहाँका कण कणमा ईश्वरको वास देख्छन्। यहाँका जमिनदेखि आकाशसम्म विभिन्न देवदेवी
रहेको उनको ठम्याइ छ। कवि भन्छन् :

**भुइँ भुमेको सगरै सिमेको**

**यो पार्वतीको नजरै घुमेको**

**विशालको दर्शन गर्न आयौं**

**र कीर्तिको आर्जन गर्न आयौं।** पृ. २

विशालता पृथ्वीनारायणको मूल अभीष्ट हो । पृथ्वीनारायण आफ्नो राष्ट्रलाई विशाल बनेको

देख्न चाहन्छन् । विशाल देश बनाउन सकेको कीर्ति आर्जन गर्ने उनको सपना छ । यस्तो महान् कार्यको सम्पन्नताका लागि उनलाई महाशक्तिको आवश्यकता छ । यसै सन्दर्भमा उनी आफ्नो भूमिमा जतातत‌ै ईश्वरनजर घुमेको अनुभव गर्छन् । उनी भुइँमा भुमेको र सगरमा सिमेको वास रहेको र सर्वत्र पार्वती देवीको नजर परेको पवित्र स्थान आफ्नो देशलाई मान्छन् । ईश्वर सदा सत्को पक्षधर हुन्छ । महान् देश रच्ने कार्य आफैँमा सत्कार्य हो । यस्तो सत्कार्यमा ईश्वरले सकारात्मक साथ दिन्छन् । आफ्नो विशाल नेपाल निर्माण गर्ने अभियान ईश्वरको साथकै कारण अवश्य सम्पन्न हुन्छ भन्ने पृथ्वीनारायणलाई विश्वास छ । पृथ्वीनारायणका माध्यमबाट कविले नेपालका जल, स्थल तथा नभमण्डल सर्वत्र देवदृष्टि रहेको वर्णन गरेबाट यहाँ ईश्वरसम्बन्धी रहस्य प्रकट भएको छ ।

'राष्ट्रनिर्माता' राष्ट्रप्रेमको भाव सलबलाएको खण्डकाव्य हो । यस खण्डकाव्यमा कविले पृथ्वीनारायण पात्रमार्फत् राष्ट्रप्रेम प्रस्तुत गर्ने क्रममा नेपाललाई ईश्वरीय प्रभावयुक्त राष्ट्रका रूपमा चित्रण गरेका छन् । उनले यहाँ प्रसङ्गानुकूल ढङ्गले ईश्वरलाई स्रष्टा, द्रष्टा तथा प्रेरक शक्तिका रूपमा उभ्याएकाले यहाँ ईश्वरसम्बन्धी रहस्य दर्शनको सचेत प्रभाव रहेको पुष्टि हुन्छ ।

**इहलोक परलोकसम्बन्धी रहस्यप्रभाव**

'राष्ट्रनिर्माता' ऐतिहासिक खण्डकाव्य हो । पृथ्वीनारायण शाह र दलमर्दन शाहको द्वन्द्वात्मक संवादको संर चनामा यो खण्डकाव्य तयार भएको छ । कवि घिमिरेले पृथ्वीनारायणलाई अखण्ड नेपालको दृढ प्रतिज्ञ पात्रका रूपमा उभ्याएका छन् । कविले दलमर्दनलाई भने अंशका नाममा राष्ट्रको विखण्डन चाहने असत् पात्रका रूपमा चित्रण गरेका छन् । कविले अखण्ड नेपालको पक्षपोषणका माध्यमले राष्ट्रप्रेमको भावज्वार उराल्दै गर्दा ठाउँ ठाउँमा इहलोकसम्बन्धी रहस्यलाई प्रसङ्गानुकूल ढङ्गले प्रस्तुत
गरेका छन् । यस इहलोकसम्बन्धी रहस्यलाई यहाँ सृष्टिसौन्दर्यसम्बन्धी र मानवजीवनसम्बन्धी दुई फरक फरक उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

**सृष्टिसौन्दर्यसम्बन्धी रहस्य**

कवि घिमिरे नेपालको सृष्टिसौन्दर्य देखेर मोहित छन् र यो रहस्यमय रहेको उनले अनुभव

गरेका छन् । कविले पृथ्वीनारायणको संवादबाट प्रस्तुत खण्डकाव्यको प्रथम सर्गमा शरद् ऋतुको वर्णन गर्दै नेपालको प्राकृतिक सृष्टि सौन्दर्यको रहस्यात्मकतातर्फ दृष्टि लगाउँछन् । कवि भन्छन् :

**दिवा उजेली रजनी जुनेली**

**सन्ध्या सिँदुरे छविका तरेली**

**अहो शरद् सुन्दर दिव्य झाँकी**

**रहस्य खोलेर रहस्य बाँकी** पृ. १६

धर्तीको प्रकृति अनौठो छ । यहाँको प्रकृतिले समय समयमा अनेक रङ्ग र रूप फेर्छ । यसलाई मानिसहरूले

ऋतु परिवर्तन भनेर बुझेका छन् । त्यस्ता ऋतुहरू वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, र शिशिर गरी ६ ओटा छन् । हरेक ऋतुका आआफ्नै स्वभाव र विशेषता छन् । माथिको काव्यांशमा कवि शरद् ऋतुको सौन्दर्यको महक बिछ्ट्टको भएको बताउँछन् । वर्षा समाप्त भएर सुरु हुने शरद् ऋतुका दिनहरू सफा र उज्याला हुन्छन् । यस ऋतुमा जुनेली रात पनि उत्तिकै सफा र उज्याला भएर सुन्दर देखिने कुरा कवि बताउँछन् । अझ सन्ध्याकाल त सिन्दुर छरे झैँ रङ्गीन देखिन्छ भन्दै शरद् ऋतुको सौन्दर्य अनेक झाँकीमा मनमोहक ढङ्गले प्रस्तुत हुने कविको ठहर छ । यो सौन्दर्यको रहस्य यति गूढ छ कि यसको रहस्यका पत्र जति पल्टायो, उति रहस्य बाँकी नै रहन्छ भनी कवि रहस्य अगम्य रहेको बताउँछन् । यहाँ कविले ऋतु परिवर्तनका क्रममा देखिने सौन्दर्य रहस्यमय भएको बताएर सृष्टिसम्बन्धी रहस्यलाई प्रस्तुत गरेको पाइन्छ ।

कवि यही सर्गमा पवित्र भूमि नेपालमा कैयौँ दैवी रहस्यका घटनाहरू घटित हुने कुरा खोतल्छन् । कवि भन्छन् :

**यहाँ चहार्छन् कति देवदूत**

**विना शरीरै पनि दिव्य रूप**

**यो मृत्तिका हो कि त ज्योति हो वा**

**जो हो त्यही हो परिपूर्ण शोभा** पृ.१८

मर्त्यलोक विशेष गरी मानवलगायत अन्य जीवजातिका लागि हो । देवताहरूका लागि होइन । देवताहरूका लागि त स्वर्गलगायत अनेक लोकहरू छन् तथापि प्रस्तुत काव्यांशमा कवि यस नेपाल भूमिमा कैयौँ देवदूतहरू विनाशरीर दिव्य रूप लिएर डुल्ने गरेको बताउँछन् । जुन कुरा अगम्य र रहस्यमय छ । कवि अझ यो धर्ती मृत्तिका हो वा ज्योति हो, त्यो रहस्यमय रहेको बताउँछन् । ज्योतिलाई कविले यहाँ चेतन शक्तिका रूपमा लिएका छन् । कविका अनुसार धर्तीलाई जड भनौँ त सारा जीव तत्वको सृष्टि, स्थिति र लय यसैबाट सम्भव छ अनि चेतन भनौँ त्यो पनि कठिन छ अर्थात् धर्तीको वास्तविकता रहस्यले युक्त छ भन्ने कविको आशय छ । धर्तीको सृष्टि रहस्यको चर्चा गर्दै कविले यहाँ सृष्टिसौन्दर्यसम्बन्धी रहस्यलाई प्रस्तुत गरेका छन् ।

'राष्ट्रनिर्माता' खण्डकाव्यको पञ्चम सर्गमा नेपालको अनौठो सौन्दर्य र विशेषताको वर्णन गर्ने क्रममा रहस्यको सङ्केत गर्दै कवि भन्छन् :

**नेपाल यो सुन्दर दिव्य देश**

**पुर्खाहरूले चिर भुक्त शेष**

**पिए पनी नित्य भरी भरी यो**

**रित्तिन्न कल्यै मधुमाधुरी यो** पृ. ७

नेपाल देशको प्राकृतिक सौन्दर्य वर्णनातीत छ । यहाँको प्रकृति अनुपम छ । माथिको काव्यांशमा कविले नेपाललाई सुन्दर दिव्य देश भनी चित्रण गरेका छन् । दिव्य देश भन्नुको आशय स्वर्गीय देश भन्ने हो । स्वर्गको सार सुख हो । कविले यस नेपाल देशलाई सुखैसुखको भण्डार अनुभव गरेका छन् । त्यस्तो सुख यहाँ कसरी सम्भव भयो वा त्यो सब कसले तुल्यायो भन्ने प्रश्नको जवाफ पाउन कठिन छ ।

नेपाललाई पुर्खाहरूले चिरकालदेखि भोग गरेर शेष रहेको देश भनेर पनि उनले चिनाएका छन् । पुर्खाले चिरकालदेखि भोग गरेर शेष रहेको भए पनि यो नरित्तिई जहिल्यै भरी छ भन्ने कविको बुझाइ छ । जत्ति पिए पनि यस देशको सृष्टिसौन्दर्यको रसमाधुरी कहिल्यै नरित्तिनु रहस्यमय छ भनी कविले नेपालको सृष्टिसौन्दर्यको महत्वलाई रहस्यमय सावित गरेका छन् ।

धर्तीका अनेक विशेषतालाई औँल्याएर यसको रहस्यलाई अनुभव गर्दै कवि घिमिरे चकित हुन्छन् । उनी भन्छन् :

**आकाश नीलो धरती हरियो**

**प्रकाशले जीवनले भरी यो**

**आनन्दको यो मधुधार दीप्ति**

**अशेष तिर्खा र अनन्त तृप्ति** पृ. २४

नेपालको महिमा यसको बाहिरी सुन्दर स्वरूपमा मात्र सीमित छैन । कवि यस देशलाई अनेक गुण र विशेषताले पूर्ण देख्छन् । कवि तृतीय अध्यायको अर्को श्लोकमा विष्णुको सन्दर्भलाई प्रयोग गर्छन् । कवि भन्छन् :

**शिवालिका पर्वत पङ्क्तिपार**

**यहीँ थियो क्षीर समुद्र क्यार**

**यहीँ सुते श्यामल शेषशायी**

**हिमाल नाभिस्थलमा खिलाई** पृ. ५

कविलाई आफ्नो देश निकै महान् लाग्छ । कवि घिमिरे नेपाललाई पवित्र देवभूमि मान्छन् । उनी शिवालिका पर्वतपार क्षीर समुद्र रहेको र शेषशायी विष्णु आफ्नो नाभिस्थलमा हिमाल सजाएर सुतिरहेको अनुमान गर्छन् । पौराणिक कथाहरूमा वर्णित त्यो ठाउँ अन्यत्र कतैको नभई नेपालकै हो भन्ने कविको ठहर छ । विष्णु पनि ईश्वरकै रूप हुन् । कवि यहाँ त्यस्ता ईश्वरले वास गरेको ठाउँ भन्दै नेपाललाई ईश्वरभूमि रहेको जनाउँछन् । देशको महिमा गाउने सन्दर्भमा पनि कविले नेपाललाई सृष्टिको रहस्यमय आदिभूमि भनी चित्रण गरेर नेपालको सृष्टिसौन्दर्यसम्बन्धी रहस्यलाई प्रस्तुत गरेका छन् ।

नेपाल प्राकृतिक सुन्दरताको अनुपम नमुना हो । कवि नेपाललाई विभिन्न नदी र किनाराका हरियालीले सुन्दर देख्छन् । श्रावस्ति अर्थात् श्रावस्त राजाले बसाएको सुन्दर सहर जस्ता हजारौँ सहरले नेपाल सुशोभित छ भन्ने बताउँदै ईश्वरले नेपाललाई नियालिरहेको उनले जनाएका छन् । कवि भन्छन्

**नदी नदीका हरिया किनार**

**श्रावस्ति जस्ता नगरी हजार**

**कुवेरको पुष्पकले चहारी**

**अटालिका लच्छिनका छहारी** पृ. १३

कुवेर धनका देवता हुन् । उनीसँग मनवेगी पुष्पक विमान थियो । त्यो विमान रावणले खोसेर लगे

को चर्चा पौराणिक ग्रन्थमा पाइन्छ। कुवेर त्यही पुष्पक विमान चढी यहाँको आकाशमा चहार्थे र त्यही प्रभावले यहाँका अटालिकाहरू लच्छिनका भएका हुन् भन्ने कविले बताएका छन्। कुवेर एक देवता रहेका र देवताहरू ईश्वर मानिएकाले कविले नेपाललाई ईश्वरीय प्रभाव रहेको रहस्यमय देश मानेका छन्। यहाँ कविले नेपाल देशको सृष्टिगत महत्व र विशेषताको बयान गर्ने क्रममा यस देशलाई कुवेरको राज्यभूमिका रूपमा चर्चा गरेकाले यहाँ सृष्टिसम्बन्धी रहस्यको प्रभाव रहेको छ।

चतुर्थ सर्गमा कवि दलमर्दन शाहको संवादका माध्यमबाट रहस्यको बयान गर्छन्। कवि भन्छन् :

**जहाँ पनि कल्कल बग्छ पानी**

**सानन्द उस्तै जनजिन्दगानी**

**यो सिर्जनाको वरदान जस्तो**

**जहाँतहीँ उत्ति महान जस्तो** पृ. ५

सृष्टिसौन्दर्य अति अद्भुत छ। जताततै आनन्दै आनन्दले पूर्ण यहाँको सौन्दर्य कसरी सृष्टि भयो ? कसले सिर्जना गऱ्यो ? प्रस्तुत काव्यांशमा कविले यही सृष्टिसौन्दर्यको रहस्यको वर्णन गरेका छन्। जहाँतहीँ कलकल पानी बग्दा र मानिसहरूको जिन्दगी जताततै आनन्दले पूर्ण देख्दा कविलाई यो सिर्जना वरदानस्वरूप लागेको छ। कविलाई यो सिर्जना महान् र रहस्यमय पनि लागेको छ। वरदान अर्काले दिने कुरा हो। यो सर्वत्र आनन्दले भरिपूर्ण सृष्टिलाई कसले मानिसका लागि वरस्वरूप प्रदान गऱ्यो ? यो सबै घिमिरेका विचारमा रहस्यमय छ। माथिको काव्यांशमा नेपाल रहस्यमय वरदानस्वरूप भएको चर्चा भएबाट यहाँ सृष्टिसम्बन्धी रहस्य झल्केको पाइन्छ।

कवि घिमिरे यस धर्तीमा सिर्जनाको रहस्यमय अजस्र मूल रहेको बताउँछन्। कवि भन्छन् :

**यो सिर्जनामूल अजस्र दिन्छु**

**सम्भावना लाख सहस्र दिन्छु**

**सधैँ उज्यालो म भविष्य दिन्छु**

**रहस्य खोलेर रहस्य दिन्छु** पृ. १५

यस धर्तीमा देखा पर्ने हरदिन हरयामको सिर्जनामूल अनौठो छ। यसले यहाँ लाखौँ सिर्जनाको सम्भावनालाई निश्चित गरिरहेको हुन्छ। यो सिर्जनामार्फत् यहाँको भविष्य जहिल्यै उज्ज्वल रहने अनुमान गर्न सकिन्छ। यस्तो कसरी सम्भव भइरहन्छ, त्यो रहस्यमय छ र त्यस्तो रहस्यलाई जति

खोतले पनि रहस्य नै रहिरहने कविको ठहर छ। अथाह सम्भावनाको देश नेपालको रहस्य अपरम्पार भएको वर्णन माथिको पद्यांशमा भएबाट यहाँ सृष्टिसौन्दर्यसम्बन्धी रहस्य प्रकट भएको पाइन्छ।

**मानवजीवनसम्बन्धी रहस्य**

ब्रह्माण्डको संरचना अनौठो छ। धर्तीलोकको संरचना पनि कम उदेक लाग्दो छैन। प्रस्तुत काव्यांशमा कवि यहाँको वातावरणको बनोट रहस्यले भरिएको देख्छन्। यहाँको आकाश कसरी निलो देखिएको हो र धर्ती हरियो कसरी बनेको हो ? अझ यो धर्ती प्रकाश र जीवन तत्त्वले कसरी भरिएको हो भन्ने कुरा कविमनमा खुल्दुली छ। कविले

त्यसको जवाफ पाएका छैनन् । रहस्यै रहस्यका बिच यहाँ आनन्दको मधुधार प्रवाहित भइरहनु र यहाँ तृष्णा र तृप्ति दुबै अशेष र अनन्त रहनु कविका अनुसार रहस्यमय छ । यहाँका मानिसका मनोकाङ्क्षा जति पूरा हुँदै गए पनि उति नै बाँकी रहन्छन् । यहाँका मानिसका तृप्ति पनि बाँकी रहिरहन्छन् । त्यसो भएर नै यहाँको मानिस नयाँ नयाँ कुराको खोजीमा लागिरहेको होला । खोजी हेर्दा यसरी यहाँका हरेक विषय रहस्यले युक्त छन् भन्ने कविको वैचारिकता यहाँ प्रस्तुत भएको छ । यहाँ कवि मानवजीवनसम्बन्धी रहस्यले चकित देखिन्छन् ।

कवि घिमिरे द्वितीय सर्गमा दलमर्दन शाहका संवादका माध्यमले पनि रहस्यकै बयानमा रमाउँछन् । कवि भन्छन् :

**निस्की गुफा बाहिर सिद्ध यौटा**

**रहस्यका शङ्ख फुकी अनौठा**

**घुमेर हिँड्थे घनघोर राति**

**जागेर अज्ञान र नीद माथि** पृ. ६

'राष्ट्रनिर्माता' खण्डकाव्यको दोस्रो सर्गमा दलमर्दन शाहले आफ्नो गोरखा राज्यको महिमा गाएका छन् । गोरखा राज्यका विशेषताहरूको चर्चा गर्दै जाँदा त्यहाँको रहस्यमय पक्षका बारेमा पनि दलमर्दनले चर्चा गरेका छन् । यहाँ एउटा सिद्धले रातको समयमा शङ्ख फुक्दै हिँडेको वर्णन गरिएको छ । गोरखा राज्यमा एक सिद्ध गुफामा बस्थे । ती सिद्ध बेलाबखत गुफाबाट बाहिर निस्केर रहस्यका अनौठा शङ्ख फुक्थे । घनघोर रातमा अज्ञान र निदमाथि जागा हुँदै हिँडेको घटनालाई माथिको काव्यांशमा समेटिएको छ । यहाँ त्यसरी अनौठो शङ्ख फुक्दै हिँड्ने सिद्ध को हो भन्ने वास्तविकता क्षिप्त छ । त्यसैले कविले यहाँ यस घटनाका माध्यमबाट मानवजीवनसम्बन्धी रहस्यको वर्णन गर्न खोजेका छन् ।

'राष्ट्रनिर्माता' खण्डकाव्यको तृतीय सर्गमा पृथ्वीनारायणका माध्यमबाट कविले रहस्यको वर्णन गरेका छन् । कवि भन्छन् :

**भन्थे कुमारै वयमा मलाई**

**योगी उनै गोरखनाथ आई**

**त्रिसप्त गङ्गा सब मध्य रात**

**बोल्छन् मनुष्यैसरि गुप्त वात** पृ. २

तेस्रो सर्गमा पृथ्वीनारायण शाह पनि गोरखाकै बढाइचढाइ गर्छन् । उनी विगतमा गोरखनाथले बताएको आश्चर्यजनक कहानीलाई यस सन्दर्भमा स्मरण गर्छन् । माथिको काव्यांशमा पृथ्वीनारायणलाई उनको कुमार वयमा गोरखनाथले एउटा रहस्यको कुरा सुनाएको चर्चा छ । त्यो रहस्यको कुरा भनेको नदीहरूले रातको समयमा मनुष्यले झैँ गुप्त वात मारेको घटना हो । गोरखनाथले पृथ्वीनारायणसँग त्रिसप्त गङ्गाहरू रातको समयमा मनुष्यले झैँ आफ्ना गुप्त वात गर्थे भनी पृथ्वीनारायणको किशोरकालमा भनेका थिए भन्ने किंवदन्ती छ । यसको आशय गोरखा त्यस्तो रहस्यमय भूमि हो, जहाँ नदीहरूसमेत मानिसले झैँ बात मार्छन् भन्ने हो । यही कुरालाई पृथ्वीनारायणले स्मरण गरेको कुरा यहाँ स्पस्ट्याइएको छ । सामान्य जनजीवनमा नदीहरू मानिस झैँ गफिनु रहस्यमय छ । अझ नदीहरू गफिएको विषय मानिसले थाहा पाउनु अझ रहस्यमय छ । यहाँ एक सिद्धले नदीहरू मानिस झैँ गफिएको वर्णन गरेबाट यो घटनाले मानवजीवनसम्बन्धी रहस्यको सङ्केत गरेको पाइन्छ ।

कवि माधव घिमिरे 'राष्ट्रनिर्माता' खण्डकाव्यमा नेपालको सृष्टिसौन्दर्य र मानवजीवनसम्बन्धी रहस्यको वर्णनमा केन्द्रित छन् । यसरी यस काव्यमा इहलोकनिहित रहस्यको वास्तविकतालाई उद्घाटन गर्न नभई रहस्यको वर्णनमा कवि रमाएका छन् र मेरो नेपाल यस्ता अनेक रहस्यमय विशेषताले सुशोभित देश हो भन्ने राष्ट्रप्रेमको भाव प्रकट गर्न उनी सफल भएका छन् ।

## निष्कर्ष

'राष्ट्रनिर्माता' नेपाल एकीकरणको विषयलाई समेटिएको ऐतिहासिक खण्डकाव्य हो । राष्ट्रको अखण्डताको पक्षपोषण गर्दै रचिएको यस खण्डकाव्यमा कवि घिमिरेले ऐतिहासिक विषयका माध्यमबाट राष्ट्रप्रेमको भाव प्रस्तुत गरेका छन् । उनले राष्ट्रप्रेमको भाव प्रस्तुत गर्न भने दर्शनको मदत लिएका छन् । पौरस्त्य दर्शनका अध्येता घिमिरेले आफ्ना रचनामा उक्त दर्शनको प्रभावलाई सचेततापूर्वक प्रयोग गरेको देखिन्छ । यस 'राष्ट्रनिर्माता' खण्डकाव्यमा ईश्वर तथा इहलोक र परलोकसम्बन्धी रहस्यको  सचेत प्रभाव रहेको छ । उनले यस खण्डकाव्यमा रहस्यको उद्घाटन नभई रहस्यको वर्णन गरेका  छन् । उनले यहाँ रहस्य दर्शनको प्रयोग गर्नुको उद्देश्य नेपाल देश रहस्यस्वरूप ईश्वरीय भूमि रहेको र यहाँ अनेक अगम्य गुप्त रहस्य रहेका हुनाले मेरो नेपाल देश महान् छ र यसलाई अनन्तसम्म अखण्ड राख्नुपर्छ भन्नु हो । कविले यसरी रहस्य दर्शनको प्रयोगबाट राष्ट्रप्रेमको भावलाई सुदृढ, महिमामय एवम् जीवन्त तुल्याउन सफल भएकाले यस खण्डकाव्यमा रहस्यको सचेत प्रभाव रहेको पुष्टि हुन्छ ।

## सन्दर्भसामग्री


अर्याल, दुर्गाप्रसाद (२०५६). देवकोटाका निबन्धमा निहित दार्शनिक चिन्तन. विद्यावारिधि शोधप्रबन्ध. म.सं.वि. ।

आचार्य, माधव (सन् १९६४). *सर्वदर्शन सङ्ग्रह.* (अनु. उमाशङ्कर शर्मा) चौखम्बा संस्कृत सिरिज ।

ईश्वरचन्द्र (सन् २००९). *महर्षिपाणिनि विरचिता अष्टाध्यायी.* चौखम्बा संस्कृत प्रतिष्ठान ।

गिरी, रामानन्द (२०५५). *जनकदर्शन.* (अनु. रामहरि तिमल्सिना) ज.शि.सा.के.लि. ।

गोयन्दका, हरिकृष्णदास (सन् २००९). *वेदान्त दर्शन.* गीताप्रेस. ।

घिमिरे, माधव (२०४९). *'राष्ट्रनिर्माता'.* (छैटौं संस्क.). साझा प्रकाशन ।

विश्वनाथ (२०५०). *साहित्यदर्पणम्.* (तृतीय संस्क.). कृष्णदास अकादमी ।

शर्मा, मुकुन्द (२०६०). *पृथ्वीसूक्तको आलोकमा माधव घिमिरेको धर्तीमाता एक अध्ययन.* राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन. (सम्पा. नेत्र एटम) तन्नेरी प्रकाशन ।

सरस्वती, जगदीश्वरानन्द (२०१०). *षड्दर्शनम्.* विजयकुमार गोविन्दराम हासानन्द ।